# वार्षिक प्रतिवेदन

## (सङ्क्षिप्त)

## (आ.व. २०७८–२०७९)

## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष

मा. तप बहादुर मगर

सदस्यहरू

मा. डा. सूर्य ढुङ्गेल

मा. मिहिर ठाकुर

मा. मनोज दुवाडी

मा. लिली थापा

का.मु. सचिव

मुरारिप्रसाद खरेल

प्रकाशक : राष्ट्रिय मानव अधिकार आयोग

डिजाइन तथा लेआउट : पवन भण्डारी

सर्वाधिकार : राष्ट्रिय मानव अधिकार आयोग

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बैद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

## सङ्क्षिप्त झलक

| क्र. स. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| **१. मानव अधिकार संरक्षण** | | | |
| १.१ | उजुरी दर्ता | १०१ वटा | - राजनीतिक तथा नागरिक अधिकार<br>- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार<br>- यातनाविरुद्धको अधिकार<br>- महिला अधिकार<br>- बाल अधिकार<br>- जातीय विभेदविरुद्धको अधिकार<br>- अपाङ्गता भएका व्यक्तिको अधिकार<br>- व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार<br>- आप्रवासी कामदार र तिनका परिवारको अधिकार |
| १.२ | अनुगमन | २१४ पटक | - राजनीतिक तथा नागरिक अधिकारः समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, न्याय-प्रशासन, आदि ।<br>- आर्थिक, समाािजक तथा सांस्कृतिक अधिकारः स्वास्थ्यको अधिकार, वातावरणको अधिकार, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो)-बाट विस्थापितहरूको अधिकार, आदि ।<br>- ज्येष्ठ नागरिक, महिला, बालबालिका, जातीय विभेद/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार, मानव बेचबिखनको अवस्था आदि । |
| १.३ | अनुसन्धान सम्पन्न उजुरी | ५०३ वटा | नागरिक तथा राजनीतिक अधिकारः जीवनको - अधिकार, यातना, बेपत्ता, बलात्कार<br>आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारः विस्थापित, पुनःर्स्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला अधिकार, बाल अधिकार, जातीय विभेदविरुद्वको अधिकार आदि । |
| १.४ | निर्णय तथा सिफारिस | ४१४ | राजनीतिक तथा नागरिक अधिकार, न्याय-प्रशासन, अपहरण, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार, आदि । |
| **२. मानव अधिकार संवर्धन** | | | |
| २.१. | प्रशिक्षण, अन्तरक्रिया, छलफल, गोष्ठी, तालिम, सचेतना, प्रभातफेरि, प्रदर्शनी आदि | १७१ पटक | मानव अधिकारको अवस्था, शान्ति-सुरक्षा, बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, स्थानीय तहमा विवाद निरूपण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, कोभिड १९ र स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, सामूहिक, |

| | | | |
|---|---|---|---|
| | | | विश्वव्यापी आवधिक समीक्षा, आयोगको सिफारिस कार्यान्वयन, कानुनमा पुनरावलोकन आदि । |
| **३. प्रकाशन** | | | |
| ३.१ | पुस्तक, प्रतिवेदन, ब्रोसर | ९ वटा | बाषिक प्रतिवेदन, कोभिड १९ को दोस्रो लहरमा मानव अधिकार अवस्था, मानव बेचबिखन, छैठौं रणनीतिक योजना २०२१–२०२६, GANHRI-SCA Accreditation of NHRC Nepal and the Recommendations , मानव अधिकारसम्बन्धी जान्नुपर्ने कुरा, जर्नल, संवाहक अङ्क १९ र २० |
| ३.२ | प्रेसविज्ञप्ति/ | २४ वटा | मानव अधिकारका विविध विषयहरू |
| ३.३ | प्रेसनोट | ६ वटा | |
| ३.४ | पत्रकार सम्मेलन पत्रकार भेटघाट | ४ पटक | स्थानीय निर्वाचन, सङ्क्रमणकालीन न्याय एवम् मानव अधिकार सवाल |
| **४. मानव संसाधन** | | | |
| ४.१ | अध्यक्ष/सदस्य | १/४ जना | |
| ४.२ | कर्मचारीहरू | २२१ जना | |

## परिच्छेद-एक
## आयोगको पृष्ठभूमि, साङ्गठानिक संरचना, काम, कर्तव्य र अधिकार

### १.१ आयोगको पृष्ठभूमि

विश्वव्यापी रूपमा मानव अधिकारको विकास दोस्रो विश्वयुद्धपछि भएको मानिए पनि मानव सभ्यताको सुरुआतसँगै मानिससँग जोडिएका विषयहरूको बारेमा अप्रत्यक्षतः चर्चा भएको पाइन्छ। मानव अधिकार शब्दावली समावेश नभए पनि वेद, उपनिषद लगायतका प्राचिन ग्रन्थहरू पनि मानिसका अधिकार र कर्तव्यको बारेमा उल्लेख गरिएको पाइन्छ । मानव इतिहासलाई हेर्ने हो भने मानिसले आफ्नो अस्तित्व रक्षाको लागि सङ्घर्षरत रहेको पाइन्छ। विभिन्न समयमा शासक र शासित, मालिक र मजदुर, देश-देशबीचको विवाद, युद्ध/विश्वयुद्ध हुँदै आएको छ। विवाद/युद्धको शान्तिपूर्ण समाधानको लागि सन्धि/सम्झौताको माध्यमबाट अगाडि बढ्दै विश्व आजको अवस्थामा आइपुगको छ । विशेषतः दोस्रो विश्वयुद्धपछि सन् १९४५मा संयुक्त राष्ट्रसङ्घ (संरास)को स्थापना भएको र सन् १९४८मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भए पश्चात मानव अधिकारको विषय विश्वव्यापी बन्न पुगेको हो । त्यसपछि संरासबाट संयन्त्र निर्माण गरी विषयगत रूपमा मानव अधिकारसम्बन्धी घोषणापत्र, महासन्धि, इच्छाधीन आलेख प्रस्ताव आदि निर्माणको क्रम तीव्र गतिमा अगाडि बढ्न पुग्यो । संरासका सदस्य राष्ट्रहरू पनि महासन्धिको पक्षराष्ट्र बन्ने क्रम क्रमशः वृद्धि हुँदै जान थाल्यो, जुन क्रम अहिले पनि निरन्तर छ ।

नेपालको सन्दर्भलाई हेर्ने हो भने अधिकार र कर्तव्यका विषय पनि प्राचीनकालदेखि कुनै न कुनै रूपमा उठ्दै आएका थिए र उठिरहेका छन् । संवैधानिक रूपमा मानव अधिकारको सवाललाई नेपाल सरकार वैधानिक कानुन २००४ (लागु हुन नसकेको) बाट यसको सम्बोधन भएको मान्न सकिन्छ। नेपालको अन्तरिम विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५ तथा नेपालको संविधानमा मौलिक हकका रूपमा मानव अधिकारसँग प्रत्यक्ष/अप्रत्यक्ष जोडिएका कतिपय मुद्दालाई स्थान दिएको पाइन्छ। वि.स. २०१७ को राजनीतिक परिवर्तन पछि मानव अधिकारको सवालहरू ओझेलमा परे । वि.स. २०१९ मा जारी संविधानमा मौलिक हकसम्बन्धी व्यवस्था गरिए पनि व्यवहारमा लागु हुन सकेन, राजनीतिक दलहरू पनि प्रतिवन्धित भए। यसका बावजुद् पनि न्यायिक निकायबाट मानव अधिकारको संरक्षण एवम् संवर्धन हुने प्रकृतिका कतिपय विशेष फैसलाहरू भएको पाइन्छ। यसबाट मानव अधिकारको संरक्षण र संवर्धनमा एक हदसम्म टेवा पुगेको थियो । यस अवधिमा प्रजातन्त्र र मानव अधिकारका लागि भनी राजनीतिक दल, तिनका भातृ सङ्गठन, पेसा-व्यावसायिक सङ्घ-सङ्गठनहरूबाट विभिन्न स्वरूपमा आन्दोलनहरू भएको पाइन्छ।

वि.स. २०४६ को जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्यपछि मुलुक खुला परिवेशमा प्रवेश गर्न पुग्यो । वि.स. २०४७ कार्तिक २३ मा जारी नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा पहिलो पटक मानव अधिकार शब्दावली समावेश गरियो । नेपालको अन्तरिम संविधान, २०६३ र मौजुदा संविधानमा पनि यसलाई निरन्तरता दिइएको छ । नेपालको संविधानको मौलिक हकसम्बन्धी भागमा विगतका संविधानमा उल्लिखित राजनीतिक अधिकारको साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । मौलिक अधिकारको प्रचलनमा अवरोध आएको खण्डमा अदालतको असाधारण क्षेत्राधिकारमार्फत न्यायिक उपचार प्राप्तिको स्पष्ट व्यवस्था संविधानमा नै गरिएको छ । यसको साथै संविधानमा नै नागरिकका कर्तव्यसमेतलाई किटान गरिएको छ । सन् १९४६ देखि नै संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्मा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको आवश्यकताको सम्बन्धमा विभिन्न तह र चरणमा छलफल सम्पन्न भएको थियो। अन्ततः निकै लामो प्रयत्नपछि सन् १९९१ को संयुक्त राष्ट्रसङ्घको आह्वानमा पेरिसमा सम्पन्न बृहत् अन्तर्राष्ट्रिय सम्मेलनले मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको क्षेत्राधिकार तथा दक्षतासहितको स्थापनार्थ यस मुद्दालाई सन् १९९३को महासभाले मूर्तरूप दियो । सम्मेलनमार्फत सदस्य राष्ट्रहरूलाई राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी संस्थाहरू स्थापनाको लागि विशेष आग्रह गरिएको थियो। त्यस प्रकृतिका संस्थाहरूको चरित्र स्वतन्त्र, स्वायत्त, सक्षम, बहुलतामा आधारित हुनुपर्ने लगायतका प्रावधान समावेश गरिएको थियो, जसलाई पेरिस सिद्धान्त पनि भनिन्छ।

वि.स. २०४६ मा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् मानव अधिकारसम्बन्धी चर्चा-परिचर्चा भए पनि राज्यको तहमा राष्ट्रिय संस्थाको स्थापनासम्बन्धी मुद्दा प्राथमिकतामा पर्न सकेन । विशेषतः अधिकारकर्मी, कानुन-व्यावसायी, सञ्चारजगत्, नागरिक समाज, बौद्धिक समुदाय तथा पेसागत सङ्घसंस्थाहरू मानव अधिकार आयोग स्थापनार्थ सक्रिय हुन पुगे । मुद्दामा केन्द्रित रही बहस, छलफल, अन्तर्क्रियाको साथै दबाबमूलक कार्यक्रमहरूसमेत आयोजना हुन थाले । अन्ततः तत्कालीन प्रतिनिधिसभाका माननीय सदस्यबाट पेस भएको निजी (प्राइभेट) विधेयकले ऐनको रूपमा आएपछि मानव अधिकार आयोग ऐन, २०५३ जारी भयो । सरकारी उदाशीनताको कारण ऐन जारी भएको करिब ४ वर्षसम्म पनि आयोग गठन हुन सकेन । शान्तिपूर्ण आन्दोलन, सञ्चारमाध्यमको खबरदारी, अन्तर्राष्ट्रिय समुदायको चासो, सरोकार दबाब निरन्तर चली नै रहयो । विविध प्रयत्नका बावजुद् पनि आयोग स्थापना हुन नसकेपछि आयोग गठनको माग गर्दै सम्मानित सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको रिट दर्ता भई आयोग गठनको लागि परमादेश जारी भयो ।[1] अन्ततः २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना हुन पुग्यो । मानव अधिकार आयोग ऐन २०५३ द्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गका रूपमा स्तरोन्नति गरियो । नेपालको संविधानले उक्त व्यवस्थालाई निरन्तरता दिएको छ । संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी नियुक्ति र कार्यादेश तोकिएको छ । सो कार्यादेशबमोजिम आयोगले वर्षभरि गरेका कार्यहरू समावेश गरी सम्माननीय राट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने दायित्व धारा २९४ बमोजिम[2] यो प्रतिवेदन तयार पारिएको छ ।

यस प्रतिवेदनमा ६ परिच्छेद र ९ अनुसूची रहेका छन् । प्रतिवेदनभित्र मूलतः मानव अधिकार अवस्था, आयोगमा परेका उजुरी, उजुरीउपर अनुसन्धान, अनुगमन, संवर्धन, आयोगका निर्णय, सिफारिस आदि कार्यहरूको विवरण समावेश गरिएको छ । यसको साथै सरोकारवालाहरूसँग आयोगको सम्बन्ध, उपलब्धि, चुनौती र भावी कदमहरूको चर्चा छ ।

### १.२. साङ्गठनिक संरचना

नेपालको संविधानको धारा २४८ बमोजिम आयोगमा अध्यक्ष १ र ४ जना सदस्य गरी ५ जना पदाधिकारी रहने प्रावधान छ । मुलुक सङ्घीय संरचनामा प्रवेश गर्नुअगाडि आयोगअन्तर्गत १ केन्द्रीय कार्यालय, ५ क्षेत्रीय र ३ उपक्षेत्रीय गरी ९ कार्यालय रहेका थिए । मुलुक सङ्घीय प्रणालीमा गएपछि आयोगले पनि सोहीअनुरूप साङ्गठनिक संरचना

---

[1] वास्तवमा मानव अधिकारको कुरा एक संवेदनशील कुरा हो, सो कुरालाई कसैले पनि इन्कार गर्न मिल्दैन । तसर्थ यस्तो संवेदनशील कुरा गाँसिएको आयोगलाई लामो समयसम्म सजीवता नदिई निष्क्रिय राखी छाड्दा निश्चय पनि विधायिकाको मनसाय विपरीत हुन जान्छ । आयोग गठन नभएसम्म आयोगले गर्ने भनिएको कार्यहरू अरू निकायहरूले गर्न सक्ने गरी ऐनमा व्यवस्था भएको पनि देखिँदैन । दुई वर्षभन्दा पनि अगाडि प्रारम्भ हुने गरी जारी भएको ऐन आजसम्म क्रियाशील नहुनुलाई स्वभाविक भन्न सकिँदैन । मानव अधिकारको संरक्षण र संवर्धनका कुरा जनचासोको कुरा हो । यो सार्वजनिक चासोको कुरा होइन भन्ने विद्वान नायब महान्यायाधिवक्ताको वहस जिकिरसँग पनि सहमत हुन नसकिने । (प्र.नं. १२)

उपर्युक्त कारण र आधारबाट दुई वर्षअगाडि नै मानव अधिकारजस्तो महत्वपूर्ण ऐन लागु भइसकेको र सो ऐनलाई बिनाकारण अनन्तकालसम्म निष्क्रिय गराई राख्नु उपयुक्त नहुने हुनाले मानव अधिकार आयोग ऐन, २०५३ को दफा ३ अनुसार राष्ट्रिय मानव अधिकार आयोग गठन गर्ने गराउने सम्वन्धमा जे जो कार्य गर्नुपर्छ, सो कार्य पूरा गरी निवेदकको मागबमोजिम राष्ट्रिय मानव अधिकार आयोग गठन गर्नु गराउनु भनि विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने । । (प्र.नं. १३) निर्णय नं. ६७४५, ने.का.प. २०५६ अङ्क ६

[2] नेपालको संविधान, धारा २९४.संवैधानिक निकायको वार्षिक प्रतिवेदनः (१) यस संविधानबमोजिमका संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने छ ।
(२) उपधारा १ बमोजिम वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू सङ्घीय कानुनबमोजिम हुनेछ ।
(३) उपधारा (१) जुनसुकै कुरा लेखिएको भए पनि संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग-अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्नेछ

तयार गरी नेपाल सरकारसमक्ष स्वीकृतिको लागि पठाइए पनि हालसम्म पनि स्वीकृत हुन नसक्दा कार्यान्वयनमा आउन नसकेको अवस्था छ।[3] हाल आयोगमा केन्द्रीय कार्यालय ललितपुरसहित विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा प्रदेश कार्यालयहरू रहेका छन्। यसको साथै खोटाङ, नेपालगञ्ज र जुम्लामा प्रदेश शाखा कार्यालयहरू सञ्चालनमा छन्। आयोगमा अध्यक्ष सहित पाँच जना पदाधिकारीहरू र ३०९ जना कर्मचारीको दरबन्दी रहेकोमा यस आवमा आयोगमा कार्यरत कर्मचारीको सङ्ख्या २२१ रहेको छ। पदाधिकारी र कर्मचारीको विवरण अनुसूची १ मा उल्लेख छ।

### १.३. आयोगको काम, कर्तव्य र अधिकार

'मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी संविधानमा उल्लेख गरिएको छ।[4] मानव अधिकारको संवर्धन र संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ। राज्यले यस दायित्व सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोगले संविधान र ऐनमा उल्लिखित कार्यदेशभित्र रही राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रही आयोगबाट मानव अधिकार संरक्षण/संवर्धन, मानव अधिकारमैत्री कानुन लगायतका कार्यमा केन्द्रित हुदै आएको छ। संरक्षणअन्तर्गत उजुरी ग्रहण, अनुगमन, उजुरीमाथि अनुसन्धान, मानव अधिकार उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिसलगायतका कार्यहरू हुने गर्दछन्। मानव अधिकारको संवर्धनका सम्बन्धमा आयोगबाट एकल र सङ्घसंस्थाहरूको सहकार्यमा पनि कार्यक्रमहरू सम्पादन गरिन्छ। सहकार्य अन्तर्गत राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा आवश्यकता एवम् विषयवस्तुको गाम्भीर्यताको आधारमा समेत कार्यक्रमहरू सम्पन्न भएका छन्। यसमा सचेतना अभिवृद्धि, छलफल, बैठक, तालिम, प्रशिक्षण, गोष्ठी तथा सभा-सम्मेलन, भ्रमण/अनुभव आदानप्रदान, प्रकाशन/प्रसारण, प्रेसविज्ञप्ति विधि अवलम्बन गरिन्छ। मानव अधिकारमैत्री कानुन निर्माणमा पनि आयोगको भूमिका रहेको छ। मानव अधिकारसँग सम्बन्धित कानुन निर्माण, पुनरावलोकन र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष बन्नुपर्ने कारणसहित सरकारसमक्ष सिफारिसहरू गर्ने दायित्व आयोगलाई रहेको छ।

---

[3] मिति २०७५ असार ८ मा बसेको आयोगको बैठकले आयोगको साङ्गठनिक संरचनालाई सङ्घीय ढाँचामा परिवर्तन गरी स्वीकृतिको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाएको थियो। प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयको व्यवस्था गरिएको सो साङ्गठनिक संरचना नेपाल सरकारबाट हालसम्म पनि स्वीकृत हुन नसकेको अवस्था छ।

[4] नेपालको संविधानको धारा २४९

## परिच्छेद–दुई
## आयोगबाट सम्पादित कार्यहरू

### २.१ संरक्षणसम्बन्धी कार्यहरू

मानव अधिकारको संरक्षण आयोगको महत्त्वपूर्ण कार्य हो । यस कार्यलाई आयोगले उजुरी ग्रहण, अनुगमन, अनुसन्धान एवम् सिफारिसको माध्यमबाट अगाडि बढाउँदै आएको छ । यस आवमा पनि आयोगबाट प्राथमिकतासाथ यी कार्यहरू सम्पन्न भएका छन् । यसरी सम्पादित कार्यहरू निम्नानुसार रहेका छन्:

उजुरीसँग सम्बन्धित कार्यहरू

आयोगले संविधान, ऐन एवम् नियमको परिधिभित्र रही मानव अधिकार उल्लङ्घन वा दुरुत्साहनसम्बन्धी घटनामा स्वविवेकीय रूपमा र अन्य माध्यमबाट उजुरी ग्रहण गर्दै आएको छ । यस प्रकृतिका उजुरीहरू पीडित, पीडितका परिवार, सङ्घसंस्था, व्यक्ति वा सञ्चार-माध्यममा सम्प्रेषित समाचारका आधारमा ग्रहण गरिन्छ । प्राप्त उजुरीमाथि आयोगले उजुरीको प्रकृतिअनुसार अनुगमन, अनुसन्धान एवम् छानबिन गरी राहत, क्षतिपूर्ति र कानुनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसमक्ष सिफारिस गर्ने गर्दछ । आयोगको क्षेत्राधिकारभित्र नपर्ने उजुरीउपर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि पठाउदै आएको छ । यसको साथै पीडित पक्षलाई यथोचित परामर्श दिँदै आएको अवस्था छ ।

### २.२ प्रदेशगत आधारमा परेका उजुरीहरू

यस आवमा आयोगको केन्द्रीय, प्रदेश र प्रदेश शाखा कार्यालयहरूमा गरी जम्मा १०१ उजुरीहरू दर्ता भएका छन् । आयोगमा परेका उजुरीका विषयहरूमा राजनीतिक तथा नागरिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, यातनाविरुद्धको अधिकारसँग सम्बन्धित छन् । त्यसैगरी महिला अधिकार, बालअधिकार, जातीय विभेदविरुद्धको अधिकार, आदि विषयसँग सम्बन्धित उजुरीहरू दर्ता भएका छन् ।

यस आर्थिक वर्षमा जम्मा १०१ उजुरीहरू दर्ता भएकोमा क्रमशः प्रदेश कार्यालयहरू विराटनगर ६, जनकपुर २१, सानेपा ३३, बुटवल ४ र धनगढी १९ वटा रहेका छन् । त्यसैगरी प्रदेश शाखा कार्यालयहरूमा क्रमशः खोटाङ ११, जुम्ला ५ र नेपालगञ्ज २ उजुरी परेको देखिन्छ ।

### २.३. महासन्धिमा आधारित उजुरीहरू

महासन्धिमा आधारित उजुरीको प्रकृति हेर्दा यस आवमा आयोगमा नागरिक तथा राजनीतिक अधिकार ५२ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लङ्घन भएको भनी १९ उजुरी दर्ता भएका छन् । यातनाविरुद्धको अधिकारमा ८, महिला अधिकारको हनन ९, बालअधिकार ६, आप्रवासी कामदार र तिनका परिवारको अधिकारसम्बन्धी २, भेदभावविरुद्धको अधिकार ३, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी १ र ज्येठ नागरिक सम्बन्धी १ गरी जम्मा १०१ वटा उजुरीहरू दर्ता भएको छ ।

### २.४.मानव अधिकार अनुगमन

समग्र वा विषयगत रूपमा मानव अधिकारको अवस्थाबारे आयोगले मानव अधिकारको संरक्षणका लागि एकल र सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा नियमित र आकस्मिक रूपमा अनुगमन गर्दै आएको छ । विशेषतः

आयोगको कार्यालयहरू साथै विषयगत महाशाखा, शाखा र एकाइबाट पनि एकल, समन्वय र सहकार्यमा अनुगमन सम्पन्न हुँदै आएका छन् ।

अनुगमनमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता, राष्ट्रिय कानुन, मानव अधिकार राष्ट्रिय कार्ययोजना, राज्यका नीति निर्देशक सिद्धान्त आदिको कार्यान्वयनको अवस्थालाई आधार मानिन्छ । विषयको गाम्भीर्यता र आवश्यकताका आधारमा Rapid Response Team गठन गरी कार्य हुँदै आएको छ । यस आर्थिक वर्षमा आयोगबाट मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयमा जम्मा २१४ पटक अनुगमन भएको छ ।

| अनुगमन | केका | प्रदेश नं १ | मधेश प्रदेश | वाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | सुदुर पश्चिम प्रदेश | प्रदेश शाखा, खोटाङ | प्रदेश शाखा नेपाल गञ्ज | प्रदेश शाखा जुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २८ | ११ | ३४ | २९ | २१ | २१ | २४ | ४ | २५ | १७ | २१४ पटक |

अनुगमन गरिएका विषयहरू नागरिक तथा राजनीतिक अधिकार; आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार; महिला र बालबालिकाका अधिकारसँग सम्बन्धित छन् । स्थानीय तहको निर्वाचनमा मानव अधिकारको अवस्थामा सम्बन्धमा गरिएको अनुगमन विशेष महत्त्वपूर्ण छ। आयोगले निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचनपश्चात् गरी ७७ जिल्लामा समग्र मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन गरेको थियो । कोभिड १९ र स्वास्थ्य अधिकारको अवस्था, न्याय-प्रशासन, कारागार तथा हिरासतको अवस्था, कैदीबन्दीहरूको अधिकार, गैरकानुनी थुना राखिएको विषयमा अनुगमन भएको छ । यसको साथै जातीय भेदभाव, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको अधिकार, सूचनाको हक, गोपनीयताको अधिकार, आवतजावतको स्वतन्त्रतालगायत विषयहरूमा पनि अनुगमन भएको छ ।

### २.५. उजुरीहरूउपर निर्णय

| उजुरीहरू उपर निर्णय | केका | प्रदेश नं १ | मधेश प्रदेश | वाग्मती प्रदेश | गण्ड की प्रदेश | लुम्बिनी प्रदेश | सुदुर पश्चिम प्रदेश | प्रदेश शाखा, खोटाङ | प्रदेश शाखा नेपाल गञ्ज | प्रदेश शाखा जुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २ | ० | ४२ | १२० | ३७ | १२० | ४८ | १ | २७ | १७ | ४१४ वटा |

मानव अधिकार उल्लङ्घन र दुरुत्साहनका घटनासम्बन्धमा आयोगले संविधान, ऐन, नियमको परिधिभित्र रही अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउदै आएको छ । यस अवधिमा पनि विगत वर्षहरू र यस आवमा परेका र ग्रहण स्वविवेकीय उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ । यस आवमा आयोगबाट नयाँ र पुराना गरी जम्मा ५०३ उजुरीमाथि अनुसन्धान भएको छ ।

यसरी सम्पन्न गरिएका अनुसन्धान सशस्त्र द्वन्द्व र त्यसपछि आयोगमा परेका उजुरीहरूसँग सम्बन्धित छन् । विशेषतः नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत जीवनको अधिकार, यातना र बेपत्ताका उजुरी बढी देखिन्छन् । त्यसैगरी

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा विस्थापित, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला र बालबालिकाको अधिकार आदि विषयसँग सम्बन्धित छन् । विशेष प्रकृतिका घट्नाहरूमा विषयविज्ञहरूलाई पनि अनुसन्धान टोलीमा संलग्न गराइने गरिएको छ ।

### ३.६. संवर्धनसम्बन्धी गतिविधिहरू

मानव अधिकारसम्बन्धी शिक्षा र सचेतनामा वृद्धि एवम् मानव अधिकारको वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषणसम्बन्धी कार्य बिस्तारमा संवर्धनात्मक कार्यको भूमिका विशेष हुन्छ। संवैधानिक एवम् कानुनी दायित्व अन्तर्गत आयोगले यसप्रकारका गतिविधिहरू सञ्चालन गर्दै आएको छ । आयोगबाट संवर्धनसम्बन्धी गतिविधिहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका, २०६९ जारी भइ कार्यान्वयनमा आइसकेको छ ।

| संवर्धन सम्बन्धी कार्यहरू | केन्द्रीय कार्यालय | प्रदेश नं १ | मधेश प्रदेश | वाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | सुदुर पश्चिम प्रदेश | प्रदेश शाखा, खोटाङ | प्रदेश शाखा नेपालगञ्ज | प्रदेश शाखा जुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४९ | १ | १५ | १७ | ११ | ९ | १९ | १५ | २० | १५ | १७१ पटक |

यस आवमा आयोगले “जीवन मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र विकासको आधार ” भन्ने सन्देश कार्यान्वयनका लागि प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । आयोगको सन्देश सार्थक बनाउन मानव अधिकारको संवर्धनका क्षेत्रमा आयोगको केकाअन्तर्गत प्रवर्धन महाशाखा, विषयगत महाशाखा, शाखा, एकाइ र आयोगका प्रदेश र शाखा कार्यालयहरूबाट एकल, समन्वय र सहकार्यमा विविध गतिविधिहरू सम्पन्न भएका छन् । यसरी सम्पादित कार्यहरूमा अन्तरक्रिया, छलफल, सभा, गोष्ठी, कार्यशाला, तालिमलगायत रहेका छन् ।

## परिच्छेद-तीन
## आयोग र सरोकारवालाहरूबीच सम्बन्ध

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना हुनुपछाडि मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था, नागरिक समाज, सञ्चार-जगत, व्यवस्थापिका, न्यायपालिका, व्यावसायिक सङ्घसंस्थाको भूमिका महत्त्वपूर्ण रहेको छ । त्यसै गरी अन्तर्राष्ट्रिय समुदायबाट पनि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको स्थापनार्थ विभिन्न पहलकदमी भएको थियो । आयोग स्थापनापछि आयोग र सरोकारवालाहरूबीच कार्यप्रकृतिको आधारमा सम्बन्ध बिस्तार हुँदै आएको छ । मानव अधिकारको संरक्षण, संवर्धन र परिपूर्तिको लागि सहकार्य र समन्वयको सवाललाई संविधान, ऐन, रणनीतिक योजनामा पनि प्राथमिकताका साथ उल्लेख गरिएको पाइन्छ । आयोगले विगतदेखि नै राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा राख्दै आएको सम्बन्धलाई यस आवमा पनि निरन्तरता दिएको छ ।

कार्यप्रकृतिको आधारमा सविधानतः आयोग स्वतन्त्र र स्वायत्त मानिन्छ । आफ्ना कामकारबाहीलाई लिएर यस निकायले पनि पीडितप्रति विशेष जवाफदेही हुनुपर्दछ । आयोगको कामकारबाहीहरू बहस, छलफलको विषय बन्नुपर्दछ । संविधानले पनि  प्रत्येक आर्थिक वर्षभित्र सम्पादित कार्यहरूसमेत समावेश गरी वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने प्रावधानलाई आत्मसात गरेको छ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत सो प्रतिवेदन छलफलका लागि सङ्घीय संसद्समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । यिनै कामकारबाहीहरूलाई जिम्मेवारीपूर्वक बहन गर्न आयोगले विषयवस्तु र आवश्यकताको आधारमा सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा रही कार्य गर्दै आएको छ । यही सेरोफेरोमा कार्यप्रकृतिको आधारमा यस आवमा आयोग र सरोकारवालाहरूबीच सम्बन्धमा सङ्क्षेपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

### ३.१. आयोग र कानुन, न्याय तथा मानव अधिकार समिति
कानुन, न्याय तथा मानव अधिकार समितिको कार्यक्षेत्रभित्र मानव अधिकारलाई समावेश गरिएको छ । समिति र आयोगबीच मानव अधिकारसम्बन्धी जल्दाबल्दा मुद्दामा छलफल हुँदै आएको छ । प्रधानमन्त्रीमार्फत संसद्समक्ष पेस गरिएको आयोगको वार्षिक प्रतिवेदनमा उठाइएका विषयमा समितिमा छलफल हुने परम्परा रहिआएको छ । विगत वर्षमा पनि समिति र आयोगबीच आयोगले निर्णय गरी पठाएको साङ्गठानिक संरचना, आयोगको क्षेत्राधिकार खुम्च्याउने किसिमबाट सरकारबाट ल्याइएको विधेयक आदि विषयमा छलफल भएको थियो । यस आवमा पनि समिति र आयोगबीच प्रतिवेदनमा औंल्याइएका मानव अधिकारको सम्मान, संरक्षण र संवर्धनसम्बन्धी मुद्दामा छलफल भएको छ। छलफल विशेष गरी आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन पक्षसँग केन्द्रित रहेको छ ।

### ३..२. आयोग र नेपाल सरकार
सङ्घीय संरचनाअनुसार मुलुक अहिले तीन तह (सङ्घ, प्रदेश र स्थानीय)-का सरकारबाट सञ्चालन भइरहेको छ । मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपालनासम्बन्धी प्रमुख दायित्व सरकारमा निहित हुन्छ । आयोगले गरेका सिफारिसको कार्यान्वयनदेखि आर्थिक मामिलाका विषय प्रत्यक्षतः सरकार र सरकारका निकायसँग जोडिएको हुन्छ । यस पक्षलाई मध्यनजर राखी आयोगले यस आवमा पनि आवश्यकता, विषयवस्तु र कार्यप्रकृतिको आधारमा सङ्घ, प्रदेश र स्थानीय सरकारसँग मानव अधिकारका सवालमा सहकार्य र समन्वयमा कार्यहरू हुँदै आएका छन् ।

सङ्घ अर्थात केन्द्रीय सरकारसँग मुलुकको मानव अधिकार अवस्था, आयोगका सिफारिस कार्यान्वयन अवस्था, कोभिड १९, डेङ्गोजस्ता रोगबाट नागरिकहरू सुरक्षाजस्ता मुद्दामा छलफल/अन्तर्किया हुँदै आएको छ । सङ्क्रमणकालीन न्याय, मानव अधिकार राष्ट्रिय कार्ययोजना, शान्तिसुरक्षा सुरक्षा, आप्रवासी कामदार र तिनका परिबारको अधिकार, महिला, बालबालिका, ज्येष्ठ नागरिकको अधिकार, उपभोक्ता, स्वास्थ्यको

अधिकारलगायतका जल्लबल्दा मुद्दामा पनि यस प्रकृतिका कार्य भएका छन् । आयोगको अनुगमन, अनुसन्धान, प्रवर्धन, छलफल, अन्तर्क्रियालगायतका कार्यक्रमबाट प्राप्त निष्कर्षको आधारमा सरकारलाई सुझाव, सल्लाह, ध्यानाकर्षण एवम् आवश्यक निर्देशन दिँदै आएको छ । यसै गरी सुरक्षा निकायसँग शान्तिसुरक्षा, विपद्-व्यवस्थापना र मानव अधिकारका विषयमा तालिम सम्पन्न भएका छन् । आयोगद्वारा आयोजित मानव अधिकार र सरकारसँग सम्बन्धित कार्यक्रममा नेपाल सरकारका प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ वा सम्बन्धित अधिकारीलगायतलाई आमन्त्रण गर्दै आएको छ । त्यसैगरी आयोगबाट सरकारी निकायबाट हुने कार्यक्रमहरूमा प्रमुख अथिति, अथिति, स्रोत व्यक्ति आदिको हैसियतमा सहभागिता जनाउने र संस्थागत धारणा सार्वजनिक गर्दै आएको छ ।

प्रदेश तहमा पनि आयोगले प्रदेश सरकारसँग प्रदेशगत रूपमा मानव अधिकारको अवस्था, मानव अधिकारमैत्री कानुन निर्माणजस्ता विषयमा सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ । प्रदेशगत रूपमा मानव अधिकारको अवस्था विश्लेषण गरी मुख्यमन्त्रीमार्फत सुधारको लागि आवश्यक कदम चाल्न घच्घच्याउँदै आएको छ । त्यसै गरी स्थानीय सरकारसँग विशेषतः मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई कार्यान्वयन अवस्था, दिगो विकास र मानव अधिकार अवस्थामाथि अन्तक्रिया साथै समिति निर्माणमा सहजीकरणको भूमिका निर्वाह गरेको छ । मानव अधिकारका विषयमा तालिम आयोजना गर्नुको साथै समन्वय र सहकार्यमा कतिपय स्थानलाई “मानव अधिकार चोक” नामाकरण (शाखा प्रदेश कार्यालय, खोटाङ र स्थानीय तहसँगको समन्वयमा खोटाङ्को दिक्तेलमा) गरिएको छ । आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा मानव अधिकारमैत्री कानुन निर्माणको लागि सहजीकरण गर्दै आएको छ । समग्रमा गरिने सहकार्य र समन्वयको सम्बन्धमा प्रदेशगत रूपमा प्रकाशित गतिविधि पुस्तिकामा पनि समावेश गरिएको छ ।

### ३..३. आयोग र मानव अधिकारसम्बन्धी विषयगत आयोग

आयोग र मानव अधिकारसम्बन्धी विषयगत संवैधानिक आयोगहरूसँग पनि सहकार्य र समन्वयमा कार्यहरू भएका छन् । यसमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग रहेका छन् । त्यसै गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग पनि कार्यक्रम भएको छ । यसका साथै सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न गठित सत्य-निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसँग पनि सहकार्य र समन्वयमा कार्यहरू हुँदै आएको छ ।

### ३..४. नागरिक समाज/गैरसरकारी संस्था/पेसागत सङ्घसंस्थाहरू

मानव अधिकारको संरक्षण र संवर्धनसम्बन्धी कार्यमा विभिन्न आयोग, नागरिक समाज, सम्बन्धित क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूको भूमिका महत्त्वपूर्ण मानिन्छ । यस पक्षलाई समेत मध्यनजर राखी आयोगले सहकार्य र समन्वयमा कार्य गर्न सक्ने प्रावधान संविधान, ऐनको साथै रणनीतिक योजनामा पनि उल्लेख गरिएको छ । यी प्रावधानलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याउन आयोगले सहकार्यसम्बन्धी निर्देशिका निर्माण गरी कार्य गर्दै आएको छ ।

यस आवमा पनि आयोगले केन्द्रीय, प्रदेश र स्थानीय तहमा माथि उल्लिखि सरोकारवालाहरूसँगको सहकार्य र समन्वयमा आफ्ना कामकारबाही अगाडि बढाएको छ । आयोगको केन्द्रीय, प्रदेश र प्रदेश शाखा कार्यालयबाट मानव अधिकारको संरक्षण, संवर्धन र परिपूर्तिको निम्ति सहकार्य र समन्वयमा कार्यहरू भएका छन् । मानव अधिकारसम्बन्धी विषयगत संवैधानिक आयोगहरूसँग सामूहिक र विषयगत मुद्दामा अगाडि बढ्ने सम्बन्धमा विभिन्न चरणमा छलफल, अभिमुखीकरण, अन्तर्क्रिया सम्पन्न भएका छन् । विशेषतः सहकार्य र समन्वयमा कार्यक्रम सम्पन्न भएका संस्थाहरूमा नेपाल बार एशोसियशन, नेपाल पत्रकार महासङ्घ, गैसस महासङ्घ, अपाङ्ग महासङ्घ नेपाल, उपभोक्ता संरक्षण मञ्च, अनौपचारिक सेवा केन्द्र (इन्सेक) सिजप, सिविन आदि रहेका छन् । प्रदेश र स्थानीय तहमा मधेश मानव अधिकार गृह, सिद्धार्थ सामाजिक विकास केन्द्र, शिक्षाका

लागि राष्ट्रिय अभियान नेपाल  मानव अधिकार एलाइन्स, लिडो नेपाल, फियान नेपाल, दलित महिला अधिकार मञ्च छन् । सनसाइन सामाजिक विकास केन्द्र, कालिका स्वाबलम्बन केन्द्र, दलित सामाजिक विकास केन्द्र, नेपाल रेडक्रस सोसाइटी, कोपिला नेपाल, नेपाल अपाङ्ग महिला सङ्घ लगायतका संस्थाहरूसँग पनि कार्यक्रम भएका छन् । त्यस्तै कोशिश नेपाल, आइसीआरसी, स्वतन्त्रता अभियान नेपाल, एडभोकेसी फोरम, ह्यूमन राइट्स एण्ड जस्टिस फोरम, फ्रिडम फोरम, नेपाल पिपुल्स फोरम, एच आइभी एड्स सङ्क्रमित एकल समूहसँग पनि विषयगत कार्यक्रमहरू सम्पन्न भएका छन् ।

कोभिड १९ को कारण यस आवमा भौतिक रूपमा आयोगबाट सहकार्य र समन्वयमा सवर्धनसम्बन्धी कतिपय कार्यहरू भन्यूअल माध्यमबाट आगडि बढाइएको छ । आयोगले कोभिड १९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न संयन्त्र गठनलाई निरन्तरता दिएको छ ।  यस संयन्त्रमा आयोग, मानव अधिकारसम्बन्धी विषयगत आयोगहरू, नेपाल बार एशोसिएसन, पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घ नेपाल रहेका छन् । त्यसै गरी नेपाल चिकित्सक सङ्घ, राष्ट्रिय अपाङ्ग महासङ्घ, उपभोक्ता अधिकार संरक्षण मञ्च, राष्ट्रिय दलित अधिकार महासङ्घ, महिला अधिकार मञ्च, इन्सेक, मानव अधिकारका लागि एकल महिला समूह पनि संलग्न छन् । केन्द्रीय तहमा उच्चस्तरीय मानव अधिकार अवस्था अनुगमन तथा समन्वय समिति, प्रदेश स्तरीय समिति र जिल्ला स्तरीय समितिहरू गठन भएका छन् । यसरी सम्पन्न कार्यहरूलाई अनुसूचीअन्तर्गत  अनुगमन/संवर्धन र महाशाखा, शाखा र एकाइबाट सम्पादित कार्यहरू शीर्षकअन्तर्गत समावेश गरिएको छ ।

### ३..६. आयोग र परियोजना

परियोजनाको सहयोग र समन्वयमा आयोगबाट केही मानव अधिकारसम्बन्धी छलफल, अन्तर्क्रिया, तालिमलगायतका कार्यक्रमहरू सम्पन्न भएका छन् । यस्ता परियोजनामा रणनीतिक योजना सहयोग परियोजना (Strategic Plan Support Project) रहेको छ । आयोगले युएनडीपीसँगको सहयोगमा आफ्ना कामकारबाही अगाडि बढाउदै आएको छ । विशेषतः यस यस परियोजनाले मानव अधिकारको अवस्था (स्थानीय तह सदस्य निर्वाचन २०७९)-अनुगमन, मानव अधिकारसम्बन्धी तालिम, कार्यशाला, अभिमुखीकरण, प्रकाशन लगायतका क्षेत्रमा आर्थिक सहयोग पुऱ्याउदै आएको छ ।

### ३..७. आयोग र अन्तर्राष्ट्रय निकाय

आयोगले अन्तर्राष्ट्रिय निकायहरूसँग पनि सहकार्य र समन्वयमा कार्यहरू गर्दै आएको छ । यस्ता संस्थाहरूमा विशेषतः मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (Global Alliance of the National Human Rights Institutions), एसिया प्रशान्त मञ्च (Asia Pacific Forum) रहेका छन् । त्यसैगरी सम्बन्धित देशका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्था एवम् कुटनैतिक नियोग आदि छन् । यसको साथै अन्तर्राष्ट्रिय तहमा राष्ट्रिय मानव अधिकार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, दातृ निकाय, विदेशी दूतावाससँग पनि आवश्यकता, औचित्यताको आधारमा सहकार्य र सम्बन्ध भइरहेको छ ।

## परिच्छेद–चार

## उपलब्धि, चुनौती, समाधानका सम्भावित उपाय र भावी कदमहरू

### ४.१. उपलब्धि

आयोगले यस अवधिमा गरेका मानव अधिकार संरक्षण तथा संवर्धन सम्बन्धी कार्यहरूबाट विभिन्न उपलब्धिहरू हासिल भएका छन् । मानव अधिकार उल्लङ्घसम्बन्धी उजुरी ग्रहण, अनुगमन, अनुसन्धान, सिफारिसलगायतका संरक्षण सम्बन्धी विभिन्न कार्यहरू निरन्तर हुँदै आएका छन् । मानव अधिकारका विविध सवालहरूमा सचेतना अभिवृद्धि गर्नको लागि विभिन्न छलफल/अन्तर्क्रिया जस्ता कार्यक्रमहरू भौतिक उपस्थिति तथा विधुतीय माध्यमबाट समेत सम्पादन गरिएका छन् । यसका अलावा अध्ययन प्रतिवेदनहरूको प्रकाशन, विभेदकारी कानुनहरूको पुनरावलोकन, महत्त्वपूर्ण घट्ना र विषयहरूप्रति सरकार तथा सम्वन्धित सरोकारवालाहरूको ध्यानाकर्षणको लागि प्रेस सम्मेलन र प्रेस विज्ञप्ति जारी, पत्राचार र सिफारिस लगायतका कार्यहरू सम्पन्न गर्दै आएको अवस्था छ । यस आवमा सम्पादित कार्यहरूको आधारमा हासिल गरिएका उपलब्धि, भोग्नुपरेका चुनौती, समाधानका सम्भावित उपाय र चाल्नुपर्ने कदमहरूलाई सङ्क्षेपमा उल्लेख गरिएको छ ।

### ४.१.१. आयोगको छैटौं रणनीतिक योजना तर्जुमा र कार्यान्वयन

आयोगको छैटौं रणनीतिक योजना (२०२१–२०२६) ले जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिका आधारलाइ दुरदृष्टिकोरूपमा लिई नागरिक तथा राजनीतिक अधिकारको अलावा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र मानव अधिकारका नविनतम आयामहरू विकास र वातावरण, व्यापार र मानव अधिकारजस्ता विषयहरूलाई प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । मानव अधिकारको क्षेत्र वृहत रहेको र धेरै क्षेत्रहरूलाई समेटेर कार्य गर्ने सन्दर्भमा आयोगको छैटौं रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनले सरोकारवालाहरूमा मानव अधिकारप्रतिको बुझाइमा एकरूपता ल्याउन, मानव अधिकारसम्बन्धी सक्षमता अभिवृद्धि गर्न तथा मानव अधिकार शिक्षाको प्रचारप्रसार गरी समाजमा मानव अधिकार संस्कृति निर्माणमा योगदान पुऱ्याएको छ । मानव अधिकारको चुनौतिको रूपमा देखा परेको मानव अधिकारका नविन सवालहरू, हाल ओझेलमा परेको सङ्क्रमणकालीन न्याय, आधुनिक दासत्व र चरम भेदभावबाट पीडित भएका व्यक्तिहरूको हक अधिकारहरूको विषयहरूलाई पुर्नजागृत गरी ती विषयहरूको सम्बोधन गर्नेतर्फ निरन्तर पहल भैरहेको छ ।

### ४.१.२. उजुरी व्यवस्थापन

मानव अधिकारको संरक्षण गर्ने दौरानमा आयोगबाट मानव अधिकार उल्लङ्घनका घट्नाहरूको उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र सिफारिस सम्बन्धी कार्यहरू सम्पन्न भएका छन् । यस अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन भएको भनी १०१ उजुरीहरू दर्ता भएका छन् । यस वर्ष आयोगबाट अनुसन्धान सम्पन्न भएका ४१४ उजुरीमाथि निर्णय भएको छ, जसमा ६ वटा नीतिगत रहेका छन् । यसैगरी ५०३ वटा उजुरीहरू उपर अनुसन्धान सम्पन्न भएका छन् । उजुरीको व्यवस्थापनको लागि आयोगले विगतदेखि नै Complaint Management and Reporting System (CMRS) को व्यवस्थापन गरी छ हजारभन्दा वढि उजुरीहरूलाई उक्त सफ्टवेरमा इन्ट्री गरेको छ । हाल उक्त सफ्टवेरलाई पुनरावलोकन गरी डाटाहरूलाई ट्रान्सफर गर्ने र सबै उजुरीहरूहरूको विवरणहरूलाई अद्यावधिक गर्ने कार्यको लागि विज्ञ टोलीबाट अध्ययन भइरहेको छ । उजुरीकर्ता तथा पीडितहरूले आयोगमा दर्ता गरेका मानव अधिकार उल्लङ्नका उजुरीउपर भएगरेको कारवाहिको अवस्था सरल तथा सहज तवरले जानकारी पाउनको लागि यो व्यवस्था प्रभावकारी हुने आयोगले अपेक्षा लिएको छ । आयोगले अनलाईनबाट समेत उजुरीहरू ग्रहण गर्ने अभ्यासको थालनी गरी आधुनिक सूचना प्रविधिलाई आत्मसात गर्ने प्रयास गरिएको छ । आयोगबाट निर्णय भएका उजुरीफाइलहरू अभिलेखालयमा अभिलेखिकरण गरिएका छन् ।

### ४.१.३. स्थानीय तह सदस्य निर्वाचन, २०७९ को अनुगमन

यस वर्ष सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचन, २०७९को आयोगले ७७ वटै जिल्लामा अनुगमन गरेको थियो । अनुगमन टोलीले निर्वाचनपूर्वको अवस्था, निर्वाचनको दिन र निर्वाचनपश्चातको अवस्था गरी तीनै चरणमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरेको थियो । स्थानीय तह सदस्य निर्वाचन, २०७९को मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्दा निर्वाचनलाई स्वच्छ, निश्पक्ष र भयरहित तवरले संचालन गर्नमा सहयोग पुगेको छ । यसलाई आयोगले महत्त्वपूर्ण उपलब्धिको रूपमा लिएको छ । राष्ट्रिय मानव अधिकार आयोगको स्थानीय तह सदस्य निर्वाचन अनुगमनमा भएको उपस्थितिबाट निर्वाचन प्रक्रिया स्वच्छ, निश्पक्ष र भयरहित तवरबाट सम्पन्न हुने कुरामा मतदाताहरू, नागरिक समाज, निर्वाचनमा खटिएका कर्मचारीहरू र सुरक्षा निकाय लगायतलाई विश्वस्त तुल्याउन सहयोग पुग्न गएको छ । साथै आयोगको सुरक्षा निकायहरूसँगको समन्वयले संवेदनशील तथा अति संवेदनशील भनिएका मतदानस्थलहरूमा उच्च मनोवलकासाथ सुरक्षा सम्यन्त्रहरू परिचालनको निम्ति मद्दत पुगेको थियो ।

### ४.१.४. मानव अधिकार संवर्धन

यस आवमा आयोगबाट १७३ ओटा संवर्धनसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका छन् । सङ्घीय संरचनाअनुसार आयोगले सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारहरूसँग सहकार्य र समन्वयमा रही कार्य गर्दै आइरहेको छ । मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरू, सरकारी, गैसस, नागरिक समाज, व्यावसायिक सङ्घसंस्थाहरू, अन्तर्राष्ट्रिय समुदायसँग पनि समन्वय र सहकार्य निरन्तर रहिआएको छ । विभिन्न सङ्घसंस्थाद्वारा आयोजित कार्यक्रममा स्रोतव्यक्ति, प्रमुख अथिति, अथिति, विषयविज्ञको रूपमा सहभागी भई विषयवस्तुमाथि संस्थागत धारणाहरू प्रस्तुत हुँदै आएका छन् । प्रतिवेदन, प्रेस-विज्ञप्ति, छापा तथा विद्युतीय सञ्चारमाध्यम, अनलाइनमा पनि संवर्धनसम्बन्धी कार्यहरू भइरहेका छन् । आवश्यकता, विषयवस्तुको गाम्भीर्यता हेरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया, गोष्ठी, तालिम, अनुभव आदान-प्रदान आदि सम्पन्न भएका छन् ।

समाजमा मानव अधिकार सचेतना अभिवृद्धि गर्नको लागि आयोगबाट सम्पादित मानव अधिकार संवर्धनात्मक गतिविधिहरूको सकारात्मक प्रभाव पर्दै गएको र मानव अधिकार उल्लङ्घनका घट्नाहरूको जानकारी आयोगसमक्ष तत्कालै आउने गरेको, आम नागरिकहरूमा मानव अधिकार सचेतना अभिवृद्धि हुँदै गएको देखिन्छ । यस अवधिमा मानव अधिकार क्षेत्रमा कार्य गर्ने विभिन्न सङ्घसंस्थाहरूसँग आयोगको सम्बन्ध सुदृढिकरण भई मानव अधिकारसँग सम्बन्धित सूचना तथा जानकारीहरूको आपसमा अनुभव आदानप्रदान हुने गरेको, राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्थापनाको मापदण्डसम्बन्धी पेरिस सिद्धान्त लगायत मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरूको बारेमा सरोकारवालाहरूमा सैद्धान्तिक ज्ञान अभिवृद्धि तथा बुझाइमा एकरूपता कायम रहन मद्धत पुगेको छ । मानव अधिकार क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्थाहरूको सक्रियता र साझेदारीले दुरदराजमा रहेका नागरिकहरूको मानव अधिकार सचेतनामा पहुँच वृद्धि गर्न टेवा पुगेको अवस्था रहेको छ ।

### ४.१.५. समन्वय र सहकार्य

मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख कर्तव्य रहेको छ । उक्त कर्तव्य निर्वाह गर्नेक्रममा आयोगले विभिन्न सरोकारवालाहरूसँग सहकार्य तथा समन्वय गर्दै आइरहेको छ । यस आ.व.मा आयोगले केन्द्रीयस्तरमा मानव अधिकारका विभिन्न विषयगत क्षेत्रमा कार्यरत १६ वटा सङ्घसंस्थाहरू (सहकार्य गरिएका सङ्घसंस्थाहरूको नामावली अनुसूची ७ मा समावेश गरिएको छ ) सँग समन्वय गरी मानव अधिकार संवर्धनात्मक कार्यक्रमहरू सम्पादन गरेको छ । बालबालिका शान्ति क्षेत्र, मानसिक स्वास्थ्यको विषय,मानव अधिकार र आमसंचार, आप्रवासी महिला कामदारहरूको अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, दिगो विकास लक्ष्य, लोपोन्मुख राउटे समुदायको अधिकार र मानव अधिकारमुखी विकास पद्धति लगायतका विषयहरूमा संवर्धनात्मक कार्यक्रमहरूको आयोजना गरी मानव अधिकार सचेतना अभिवृद्धीमा सघाउ पुर्‍याएको छ । उल्लेखित निकायहरूबाट आयोगसँग

आवश्यक समन्वय र सहकार्य गरिएको थियो । यसका साथै प्रादेशिक तहमा समेत मानव अधिकार क्षेत्रमा कार्य गर्ने ५० भन्द्या वढी विभिन्न गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय तथा सहकार्यमा कार्यहरू सम्पादन भएका छन् । यसका अलावा यस आयोगले मानव अधिकारसम्बन्धी अन्य संवैधानिक आयोगहरूसँग समेत मानव अधिकार संरक्षण तथा संवर्धनको क्षेत्रमा समन्वय र सहकार्यमार्फत विभिन्न कार्यहरू गर्दै आएको छ ।

मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन, मानव अधिकारमुखी विकास पद्धतिको अवलम्बन, सिमान्तकृत, अल्पसङ्ख्यक समुदायको हक अधिकार, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूको सवालहरू तथा मानव अधिकार शिक्षामा कार्य गर्नको लागि विभिन्न सरकारी निकायहरूसँग समन्वय तथा सहकार्य गर्दै आएको छ ।

**४.१.६. संवैधानिक आयोगहरूबीच समन्वय र सहकार्यसम्बन्धी रणनीतिक ढाँचा निर्माण**

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूबीच समन्वय र सहकार्यलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी बनाउन सहकार्य र समन्वयसम्बन्धी रणनीतिक ढाँचा निर्माणको आवश्यकता विगतदेखि नै महसुस गरिएको थियो । फलस्वरूप यस आ.व. देखि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग,आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगहरूबीच समन्वय र सहकार्य गर्नको लागि रणनीतिक ढाँचा तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यस ढाँचा तर्जुमा गर्दा मानव अधिकार क्षेत्रका सबै सरोकारवालाहरूबाट महत्त्वपूर्ण सुझावहरू प्राप्त हुनुले आयोगको कार्यमा सहयोग, समन्वय र ऐक्यवद्धता रहेको साथै मानव अधिकार संरक्षण तथा संवर्धनमा आयोगको भूमिका महत्त्वपूर्ण हुने कुरालाई उजागार गरेको छ । मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूसँगको निरन्तरको छलफल, अन्तरक्रिया र बैठकहरूबाट यस ढाँचाको कार्यान्वयन प्रभावकारी हुने साथै आयोगहरूको कार्यादेशप्रतिको बुझाइमा एकरूपता कायम भई यसबाट काममा हुनसक्ने दोहोरोपन हट्ने स्रोतसाधनहरूको प्रयोगमा मितव्ययीता, आपसी अनुभव तथा सिकाइ आदानप्रदान हुन गई कार्य प्रभावकारिता अभिवृद्धि भइरहेको छ ।

**४.१.७. प्रकाशन तथा वितरण**

यस अवधिमा प्रतिवेदन,जर्नल (मानव अधिकार संवाहक), पुस्तिका, ब्रोसर्स आदि प्रकाशन भएका छन् । आयोगको वार्षिक प्रतिवेदन (पूर्ण, सङ्क्षिप्त नेपाली (वेबसाइटमात्र राखिएको) र अङ्ग्रेजी गरी तीन वटा) प्रतिवेदन प्रकाशनमा आएका छन् । प्रतिवेदनले आयोगको वार्षिक गतिविधिलाई प्रकाश पार्नुको साथै राष्ट्रिय र प्रदेशगत रूपमा मानव अधिकारको अवस्थालाई पनि झल्काएको छ । यसैगरी आयोगका प्रदेश र प्रदेश शाखा कार्यालयबाट सम्पादित गतिविधिहरू र मानव अधिकार अवस्थालाई चित्रण गरी छुट्टाछुट्टै गतिविधि पुस्तिका प्रकाशन गरिएको छ । विपद् व्यवस्थापन र मानव अधिकारका विविध विषयलाई समावेश गरी जर्नल (मानव अधिकार संवाहक, दुई अङ्क) प्रकाशन भएका छन् । बालअधिकार सचेतनाको लागि सचित्र बालकथा प्रकाशनमा आएको छ । मानव अधिकारपत्र द्वैमासिक (तीन अङ्क) तयार गरी वेबसाइटमार्फत सार्वजनिक गरिएको छ ।

**४.१.८. मानव अधिकारका विविध सवालमा तीनै तहका सरकारहरूको ध्यानाकर्षण**

यस आवमा मानव अधिकारका समसामयिक विषयमा २४ वटा प्रेस- विज्ञप्ति र ६ ओटा प्रेस नोट जारी भएका छन् । यसरी जारी भएका प्रेस-विज्ञप्ति नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार केन्द्रित छन् । यसैगरी महिला, बालबालिका, जातीय विभेद, आप्रसवासी कामदारको अधिकार, सङ्क्रमणकालीन न्यायलगायतका विषयमा प्रेसविज्ञप्ति जारी गरिएको छ । यस अवधिमा मानव अधिकार अवस्था तथा सवालहरूमा पत्रकार सम्मेलन र पत्रकार भेटघाट कार्यक्रमहरू सम्पन्न भएका छन् । पत्रकार सम्मेलनमा आयोगका वर्ष दिनका उपलब्धि, चुनौती र भावी कार्यक्रम, निर्वाचन अनुगमन एवम् अन्य स्रोतबाट प्राप्त तथ्यको आधारमा आयोगको धारणा सार्वजनिक गरिएको छ ।

### ४.१.९. आयोगका सिफारिसहरूको कार्यान्वयन

आयोग लगायत अन्य सरोकारवालाहरूको निरन्तरको खवरदारीले नेपाल सरकारले पछिल्लो समयमा आयोगको सिफारिसहरूको कार्यान्वयनलाई तदारुकताका साथ अगाडि वढाउन सिफारिस कार्यान्वयन कार्यदल गठन भएको छ । उक्त सिफारिस कार्यान्वयन कार्यदलमा राष्ट्रिय मानव अधिकार आयोगलाई समेत समावेश गरी विभिन्न चरणमा छलफल वैठकहरू संचालन गरिनुलाई आयोगले सकारात्मक कदमको रूपमा लिएको छ। यसबाट आगामी दिनहरूमा आयोगका सिफारिसहरूको कार्यान्वयन अवस्थामा सुधार हुने अपेक्षा लिइएको छ । आयोगका सिफारिसहरू अनिवार्य कार्यान्वयन गरिनुपर्ने कानुनी दायित्व रहेको र सिफारिसहरूको कार्यान्वयन अवस्थाबाट मात्र पीडितको न्यायप्राप्तीको अधिकार सुनिश्चित हुन सक्नेहुँदा नेपाल सरकारले सिफारिस कार्यान्वयनको कार्ययोजना निर्माण गरी लागु गर्नुपर्ने आवश्यकता देखिएको छ। तसर्थ निरन्तरको वकालत, घट्नाका पीडित तथा परिवार र सरोकारवालाहरूसँगको छलफल तथा सरकारको निकायहरूसँग सम्पादित चरणबद्ध वैठकहरूको परिणामस्वरूप यस वर्षदेखि सिफारिस कार्यान्वयन समिति नै निर्माण गरी सरकारले यस विषयलाई महत्त्वका साथ हेरिनुलाई उपलब्धि मान्न सकिन्छ। आयोगको सिफारिसहरूको कार्यान्वयन अवस्था हाल १५.३ प्रतिशत पूर्ण र ३९.२ प्रतिशत आंशिक र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन हुन बाँकी देखिन्छन् । राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसहरूको कार्यान्वयन अवस्था विगत बर्षको तुलनामा केही वढोत्तरी हुनुलाई आयोगले उपलब्धिको रूपमा लिएको छ ।

### ४.१.१०. मानव अधिकार रक्षकहरूको प्रादेशिक र राष्ट्रिय सम्मेलन

मानव अधिकार संरक्षण र संवर्धन राष्ट्रिय मानव अधिकार आयोगको एकल प्रयासले मात्र सम्भव छैन । मानव अधिकार रक्षकहरूको सहयोग, समन्वय र सहकार्यले मात्र मानव अधिकार संरक्षण र संवर्धनलाई प्रभावकारी बनाउन मद्दत पुग्ने हुँदा मानव अधिकार रक्षकहरूको सुरक्षालाई विशेष ध्यान दिई उनीहरूको मानव अधिकारसम्बन्धी क्षमता अभिवृद्धि गर्नु आयोगको महत्त्वपूर्ण दायित्व रहेको छ । यस विषयलाई मध्येनजर गरी राष्ट्रिय मानव अधिकार आयोगले वि.सं. २०६९ साल देखि मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलनको शुरुवात गरेको हो । कोभिड १९ को प्रभाव लगायतका कारणहरूबाट केही वर्ष सम्पन्न हुन नसकेको यस प्रकारका सम्मेलनहरूले पुन : निरन्तरता पाएका छन् । यस वर्ष देखि आयोगले प्रादेशिक तहमा समेत एकैपटक मानव अधिकार रक्षक सम्मेलनहरू आयोजना गर्न सफल भयो । आयोगले सात वटै प्रदेशमा २०७८ फागुन २० र २१ गते मानव अधिकार रक्षक सम्मेलन एकै साथ भव्यताकासाथ सम्पन्न गरी मानव अधिकार रक्षकहरूको अवस्था, चुनौती र भावी कदमहरूका सम्बन्धमा घोषणपत्र तथा स्थितिपत्रहरू जारी गरेको थियो । यसैगरी मिति. २०७९ असार ९ र १० गते ललितपुरस्थित स्टाफ कलेजमा मानव अधिकार रक्षकहरूको तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरी ११ बुँदे घोषणात्र जारी गरेको छ (घोषणापत्र अनुसूची ८ मा समावेश गरिएको छ)। प्रादेशिक तहमा एकैपटक ७ सय भन्दा बढि र राष्ट्रिय सम्मेलनमा ८०० सय भन्दा वढि देशभरीबाट मानव अधिकार रक्षकहरूको सहभागिता हुनु र मानव अधिकार रक्षकहरूका अवसर र चुनौतिहरूको समीक्षा गर्नुलाई आयोगले महत्त्वपूर्ण उपलब्धिको रूपमा लिएको छ ।

प्रादेशिक र राष्ट्रिय सम्मेलनमा मानव अधिकार रक्षकका हक, अधिकार तथा कर्तव्यका साथै पहिचान, सुरक्षा, सञ्जालिकरण लगायतका विषयमा काम गर्न कानुनी र संस्थागत व्यवस्थालाई विषेश रूपमा उठान गरिएको छ। मानव अधिकार रक्षकरुको पहिचान, सुरक्षा, अभिलेखिकरण र क्षमता अभिवृद्धिका विषयलाई सम्बोधन गर्नका लागि विषेश कानुनको आवश्यकता महसुस गरी मानव अधिकार रक्षकसम्बन्धी कानुनी आवश्यकतालाई सम्बोधन गर्न नमूना कानुन मस्यौदासमेत तयार गरी राष्ट्रिय सम्मेलनमा छलफल तथा प्रस्तुतिकरण गरिएको थियो । मानव अधिकार रक्षकहरूको अधिकारको संरक्षणको लागि यस्ता सम्मेलनहरूले मार्गदर्शन तय गर्ने गरेका छन् । तसर्थ मानव अधिकार रक्षकहरू राष्ट्रिय मानव अधिकार आयोगको अभिन्न अङ्गको रूपमा रहेका र उनीहरूको संरक्षण तथा संवर्धनको लागि आयोगको अभिभावकीय दायित्व अभिवृद्धि हुँदै गएको छ ।

### ४.१.११. अन्तर्राष्ट्रिय सम्बन्ध

आयोगले अन्तर्राष्ट्रिय निकायहरूसँग निरन्तर सहकार्य र समन्वयमा कार्यहरू गर्दै आएको छ । यस्ता संस्थाहरूमा विशेषतः मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (Global Alliance of the National Human Rights Institutions), मानव अधिकार राष्ट्रिय संस्थाहरूको एसिया प्रशान्त मञ्च (Asia Pacific Forum of NHRI) रहेका छन् । त्यसैगरी सम्बन्धित देशका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्था एवम् कुटनैतिक नियोग आदि छन् । यसको साथै अन्तर्राष्ट्रिय तहमा राष्ट्रिय मानव अधिकार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, दातृ निकाय, विदेशी दूतावाससँग पनि आवश्यकता, औचित्यताको आधारमा सहकार्य र सम्बन्ध भइरहेको छ । यस आवमा आयोगका माननीय अध्यक्ष, सदस्य र कर्मचारीको तहबाट  मलेसियाको र  फिलिपिन्सको मानव अधिकार आयोगको भ्रमण भएको छ । भ्रमणमा आप्रवासी कामदार र तिनका परिवारको मानव अधिकार संरक्षण, विपद् र मानव अधिकारसम्बन्धी विषयमा अनुभव आदान-प्रदान र  भावी कदमबारे छलफल गरिएको छ । यसको साथै नेपाल र मलेसियाको मानव अधिकार आयोगबीच आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण तथा संवर्धनको लागि समझदारीपत्रमा हस्ताक्षर भई कार्य अगाडि बढाइएको अवस्था छ ।

आयोगले विश्वव्यापी आवधिक समीक्षा र सन्धिजनित निकायहरूको सिफारिसहरूलाई समेत प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि कार्ययोजना तर्जुमा गरी नेपाल सरकालाई सिफारिस गरेको छ । अनुगमन सूचकांक र अनुगमन कार्ययोजनाका आधारमा नागरिक समाजसँग अनुगमनमा सहकार्य हुँदै आएको छ । यसको साथै आयोगले यस विषयमा तीनै तहका सरकारहरूलाई जिम्मेवार बनाउनको लागि आवश्यक पहल गर्दै आइरहेको छ ।

नेपाल सरकाले दिगो विकास लक्ष्य (२०२०-२०३०) मा हासिल गर्नुपर्ने उपलब्धिको सम्बन्धमा मानव अधिकारमुखी अवधारणाबाट आयोगले अनुगमन, अध्ययन अनुसन्धान र प्रवर्धनसम्बन्धी कार्यहरू अगाडि बढाउँदै आएको छ । यसमा अन्तर्राष्ट्रिय जगतको भूमिका समेत महत्त्वपूर्ण रहने कुरालाई दृष्टिगत गर्दै आयोगले अन्तराष्ट्रिय क्षेत्रसँग पनि भौतिक उपस्थिति तथा प्रविधि विधिबाट निरन्तर संवाद र सहकार्य गर्दै आइरहेको छ ।

### ४.१.१२. मानव अधिकार शिक्षा

आयोगले स्थापना कालदेखि नै मानव अधिकार शिक्षा र यसको प्रचारप्रसार लाई प्राथमिकतामा राखी नागरिकहरूको मानव अधिकार सचेतना अभिवृद्धि गरी समाजमा मानव अधिकार संस्कृति निर्माण गर्ने कार्यमा सघाउ पुर्‍याउँदै आएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप निर्माणमा समेत आयोगको सहभागिता रहेको विगतको अभ्यासले विद्यालय तहको पाठ्यक्रममा मानव अधिकार शिक्षाको प्रवर्धनमा नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य अभिवृद्धि हुँदै गएको छ ।

माध्यमिक तहसम्मका विद्यालयको पाठ्यक्रमहरूमा मानव अधिकारका विषयहरू समावेश गरिएका छन् जसले गर्दा मानव अधिकारप्रतिको बुझाइमा एकरूपता कायम हुन मद्दत पुगेको छ । अधिकार र कर्तव्य आपसमा अन्योन्याश्रित रहेकोहुँदा यी दुईबीचको सामन्जस्यताले मात्र समाजमा मानव अधिकार संस्कृति निर्माण गर्नसक्ने अवस्था रहन्छ । तसर्थ,  अधिकारको दावी गर्दा कर्तव्य पुरा गरिनुपर्ने विषयले स्थान पाउँदै गएको छ । एक आपसमा विचारहरूको कदर तथा सम्मान गर्नुपर्ने साथै फरक विचार राख्नेहरूप्रति सम्मानजनक व्यवहार गर्नुपर्ने बारे सचेतना अभिवृद्धि हुँदै गएको छ । विश्वविद्यालयहरूमा समेत मानव अधिकार शिक्षाको पाठ्यक्रमहरू निर्माण भई लागु हुनुपर्ने लगायतका विषयहरू बहस र छलफलमा आउने गरेको अवस्थाले मानव अधिकार शिक्षाको महत्त्व उजागार गरेको छ ।

आयोगले आफ्नो कार्य बिस्तार गर्ने क्रममा विभिन्न शैक्षिकसंस्थाहरू र विश्वविद्यालयहरूका विज्ञहरूसँग छलफल गरी मानव अधिकार शिक्षा, कृतिम बौद्धिकता र मानव अधिकार, अङ्ग प्रत्यारोपण र मानव अधिकार, विकास

निर्माण र साँस्कृतिक अधिकार, बालविवाहको उमेर, यौनजन्य हिंसाको हदम्याद, व्यवसाय, वातावरण र विकास लगायतका मानवअधिकारका जल्दावल्दा तथा नविन सवालहरूमा आयोगले बहु, छलफल तथा पैरवीको शुरुवात गरेको छ ।

तसर्थ औपचारिक तथा अनौपचारिक शैक्षिक पद्धतिहरूको अवलम्बन गर्दै मानव अधिकार शिक्षालाई प्रत्येक अभिभावक, शिक्षक, विद्यार्थी र समग्र नागरिक तहमा पुऱ्याउन अझै धेरै कार्यहरू गर्नुपर्ने अवस्था रहेकोमा सरोकारवालाहरूमा चासो सिर्जना हुन पुगेको छ । नागरिकमा मानव अधिकारप्रतिको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न मानव अधिकार शिक्षा सार्थक बन्दै गएको पाइएको छ । मावन अधिकार संरक्षण तथा संवर्धनको लागि आधार तय गर्न मानव अधिकार शिक्षामा गरिएको लगानीलाई आयोगले महत्त्वपूर्ण उपलब्धिको रूपमा लिँदै लिएको छ ।

### ४.१.१३. १३ औं मानव अधिकार राष्ट्रिय महाभेला

सन् २००९ देखि शुरुवात गरिएको मानव अधिकार राष्ट्रिय महाभेला नागरिक समाज तथा मानव अधिकार क्षेत्रमा क्रियाशील अधिकांश सङ्घसंस्थाहरूको समन्वय र सहकार्यमा वृहतरूपमा संम्पन्न हुने विगतदेखिको अभ्यास रहेको छ । यस वर्ष पनि १३० भन्दा वढी सङ्घसंस्थाहरूको वृहत सहभागीतामा १३ औं मानव अधिकार राष्ट्रिय महाभेला सम्पन्न भएको थियो । मानव अधिकार सचेतनामूलक विविध कार्यक्रमहरूको आयोजना गरी सप्ताहव्यापीरूपमा १३ औं मानव अधिकार राष्ट्रिय महाभेला सम्पन्न भएको थियो । मानव अधिकार संरक्षण तथा संवर्धनको क्षेत्रमा सहयोग, समन्वय र साझेदारी गरी नागरिक हकअधिकारको मुद्दाहरूको उठान गर्ने, मानव अधिकारका विभिन्न नयाँ आयामहरूका बारेमा बहस, छलफल तथा जानकारी आदानप्रदान तथा सुसूचित गर्ने साथै मानव अधिकारको महत्त्व र यसको परिपुर्तिको लागि सरकारको दायित्वको बारेमा निरन्तर खवरदारी गरी सरकारको ध्यानाकर्षण गर्ने गराउने लगायतका विभिन्न कार्यहरू गर्न नागरिक समाज र मानव अधिकार क्षेत्रका सङ्घसंस्थाहरूले ऐक्यवद्धता सहित कार्यक्रमहरू सम्पन्न भएको हुँदा मानव अधिकार सचेतना अभिवृद्धिमा मद्धत पुग्दै आएको छ । राष्ट्रिय मानव अधिकार आयोगले केन्द्रीय तथा प्रादेशिक तहमा मानव अधिकार राष्ट्रिय महाभेलाका कार्यक्रमहरूमा सहयोग, सहभागीता र योगदान गर्दै आइरहेको छ ।

यस्ता कार्यक्रमहरूबाट समेत मानव अधिकारका सवालहरूको उजागार हुँदै जाने, नागरिक समाजको भूमिकाको प्रभावकारिता अभिवृद्धि हुने अवस्थाले गर्दा मानव अधिकार अवस्थामा सुधार ल्याउन केही हदसम्म मद्दत पुगिरहेको छ । आगामी दिनहरूमा पनि मानव अधिकार राष्ट्रिय महाभेलाका कार्यक्रमहरू ग्रामीण दुरदराजमा समेत पुऱ्याउन सम्बन्धित सरोकारवालाहरूको ध्यान पुग्न नसकेको अवस्था छ ।

### ४.१.१४. सङ्क्रमणकालीन न्याय

आयोगले स्थापनाकालदेखि नै सशस्त्र द्वन्द्वसँग सम्बन्धित उजुरीहरूलाई प्राथमिकतामा राखी सङ्क्रमणकालीन न्यायका सन्दर्भमा सरोकारवालाहरूसँग समन्वयमा रही कार्य गर्दै आइरहेको छ । गंभीर प्रकृतिका मानव अधिकारका मुद्दाहरूमा पीडितलाई आम माफी नदिन, अन्तर्राष्ट्रिय मापदण्ड र सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम ऐनमा परिमार्जन गर्नको लागि विभिन्न चरणमा पीडित तथा पीडितका परिवारहरू, मानव अधिकारक्षेत्रमा क्रियाशील विभिन्न गैरसकारी सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधीहरू, कानुन, मानव अधिकार तथा सामाजिक न्याय समितिसँग आयोगले विभिन्न चरणमा छलफल गरी १२ बुँदे सुझावहरू प्रदान गरेको छ । यस वर्ष सरकारले ऐनको संशोधनको लागि प्रयत्न भने गर्दै आइरहेको अवस्था छ ।

### ४.१.१५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

राष्ट्रिय मानव अधिकार आयोगले लैङ्गिक नीतिको तर्जूमा गरी कार्यान्वयनयमा ल्याएको छ । लैङ्गिक विषयसँग सम्बन्धित विविध सवालहरूको सम्बोधनको लागि जोड दिँदै सामाजिक प्रणालीमा जडतत्वको रूपमा रहेको लैङ्गिक असमानताजन्य समस्या समाधान गरी लैङ्गिक विभेद अन्त्यका लागि लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक शसक्तिकरण र लैङ्गिक मूलप्रवाहीकरणलाई महत्त्व दिँदै विभेदकारी नीति र ऐन कानुनहरूको सुधार तथा यस

क्षेत्रमा सरकारको लगानी वढाउनुपर्ने लगायतका विषयहरूमा आफ्नो रणनीतिक योजनामार्फत कार्यहरू अगाडि वढाउँदै आएको छ। आयोगको कार्यसम्पादनमा लैङ्गिक सवालहरूलाई प्राथमिकता दिँदै कार्ययोजना निर्माण समेत भइरहेको छ । यस नीतिले पछाडि पारिएका तथा सिमान्तकृत महिलाहरूको सवाललाई समेत सम्बोधन गर्नको निम्ति मार्गदर्शन गरको छ।

आयोगको रणनीतिक योजनामा यस नीतिको प्रवर्धन र कार्यान्वयनको विषयलाई महत्त्वपूर्ण स्थान दिँदै लैङ्गिक समानता र समावेशीताको सिद्धान्तलाई पालना गर्ने गराउने, आचारसंहिताको पुर्ण पालनाको गर्ने तथा नीति सचेतना अभिवृद्धि गर्ने लगायतका कार्यहरूमा आयोगले आवश्यक पहल गर्दै आएको छ। मानव अधिकार क्षेत्रका सम्बद्ध सरोकारवालाहरूमा समेत लैङ्गिक संवेदनशीलता अभिवृद्धि भई समाजमा मानव अधिकार संस्कृति निर्माणमा टेवा पुग्ने भएकोले यस नीति कार्यान्वयनको लागि आयोगले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समेत सहकार्यमा जोड दिएको छ। विश्वव्यापी आवधिक समीक्षा (यूपीआर), महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CEDAW) को सिफारिसहरूको कार्यान्वयनको लागि नागरिक समाजहरूसँग छलफल गरी नेपाल सरकारलाई कार्ययोजना निर्माण र कार्यान्वनयको सम्बन्धमा समन्वय र सहकार्य गर्दै आएको छ।

आयोगले महिलाको प्रजनन् स्वास्थ्यको अधिकारको विषयलाई जोड दिँदै लैङ्गिकताका आधारमा विभेदमा परेका वर्ग, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, वैवाहिक आधारमा विभेदमा परेका एकल महिला, जातीय र वर्गीय असमानतामा परेका जनजाति, दलित, मधेशी, तथा मुश्लिम समुदायका महिलाहरूको मानव अधिकाको प्रवर्धनको लागि विभिन्न अनुसन्धान, अनुगमन तथा अध्ययन, गोष्ठी र तालिममार्फत तीनै तहका सरकारहरूको ध्यानाकर्षण गर्दै आइरहेको छ। यसको लागि स्थानीयस्तरमा नागरिक समाज समेतको समन्वय र सहकार्यमा रणनीति तर्जुमा भइरहेको छ।

### ४.२. **चुनौतीहरू**

क. कतिपय द्वन्द्वकालिन अवस्थाका मानव अधिकार उल्लंघनका घट्नाहरू विविध कारणबस टुंगोमा पुग्न सकेको छैनन प्रमाण संकलन कार्य थप चुनौतिपूर्ण वन्दै गएको छ। द्वन्द्वसँग सम्बन्धित कतिपय उजुरीमाथि मानव अधिकार आयोगको सिफारिस पनि कार्यान्वयन हुन सकेको देखिँदैन । यसले गर्दा पीडितहरूले न्याय मर्दै गएको अनुभूति गर्न थालेका छन् ।

ख. स्थापनाकालदेखि नै आयोग भौतिक स्रोत र साधनको हिसाबले विषम् परिस्थितिबाट गुज्रदैं आएको छ। वि.स. २०७२ वैशाखमा आएको भूकम्पबाट क्षतिग्रस्त केन्द्रीय कार्यालयको भवन यस आवसम्म आइपुग्दा पनि निर्माण कार्य आरम्भ हुन सकेको छैन । आयोगको केन्द्रीय कार्यालय हाल कर्मचारी सञ्चय कोषको भवन भाडामा रहेकाले पीडितमैत्री हुन सकेको छैन । प्रदेश शाखा कार्यालय खोटाङ र प्रदेश कार्यालयहरू क्रमश : धनगढी र विराटनगरमा जग्गा प्राप्त भएपनि भवन निर्माण कार्य शुरुहुन सकेको छैन । यसबाट भाडामा रहेका कार्यालयहरू सार्नुपर्ने समस्या, भौतिक सामग्री टुटफुट हुनेजस्ता समस्या एकातिर विद्यमान छन् भने अर्कोतिर आर्थिक व्ययभारमा वृद्धि भइरहेको अवस्था छ। आफ्नै भवन नहुँदा संस्थाको आवश्यकताअनुसार दिगो भौतिक संरचना र पूर्वाधारहरूको निर्माण र विकासमा कठिनाइ पुगेको छ। उजुरी, परामर्श, अभिलेख आदिको लागि अलग कक्षहरूको व्यवस्था गर्न कठिनाईहुँदा यसको प्रत्यक्ष असर पीडित वा उनीहरूको परिवारमाथि पर्न गएको छ। यसको लागि आयोगबाट सम्बन्धित निकायसमक्ष लिखित र मौखिक रूपमा जानकारी गराइए पनि सकारात्मक नतिजा आउन सकेको छैन ।

ग. मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूलाई आवश्यक सहयोग गर्नु राज्यको दायित्व हो। आयोगलाई मावन अधिकार संरक्षण तथा संवर्धनको क्षेत्रमा कार्य गर्न सरकारबाट पर्याप्त बजेट विनियोजन हुन नसक्दा मानव

अधिकारका महत्त्वपूर्ण क्षेत्रहरूमा आयोगले कार्य गर्न कठिनाइ हुने गरेको छ। कतिपय अवस्थामा सरकाबाट आयोगलाई अपेक्षित सहयोग प्राप्त हुन सकेको छैन।

घ. सङ्घीय संरचनाअनुरूप आयोगले निर्णय गरी स्वीकृतिको लागि सरकारसमक्ष पठाएको साङ्गठनिक संरचना यस आवमा पनि स्वीकृत हुन सकेन। जसले गर्दा आयोगको साङ्गठनिक विकासमा चुनौति थपिएको छ।

ङ. परिवर्तित सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ संशोधन हुन सकिरहेको छैन। यसअघिको सरकारबाट आयोगको स्वतन्त्रता, स्वायत्तता खुम्चिने गरी अगाडि बढाइएको विधेयकलाई समयसापेक्ष परिमार्जन गरी ऐन बनाउनुपर्नेमा त्यसतर्फ सरकार क्रियाशील हुन सकेन। यसबाट आयोगका कामकारबाही प्रत्यक्ष/अप्रत्यक्षतः प्रभावित बन्न पुगेको अवस्था छ।

च. मानव अधिकार उल्लङ्घनका घट्नाहरूमा संलग्नमाथि कानुनी कारबाही र घटनाको अनुसन्धान गरी कानुनी कारबाही गर्नु भनी गरिएका अधिकांश सिफारिसहरूको कार्यान्वयन हुन सकिरहेको छैन। कारबाहीको लागि सिफारिस गरिएका कतिपय सरकारी अधिकारीहरू दण्डित हुनुको सट्टा पुरस्कृत हुने गरेको अवस्था अझै विद्यमान छ। कार्यान्वयन भएका भनिएका सिफारिसहरू पनि प्रायः क्षतिपूर्ति उपलब्ध गराउने प्रकृतिका मात्र रहेका छन्। द्वन्द्वकालीन मुद्दाहरूप्रति सरकार उदासीन रहन, निर्माण गरिएका सङ्क्रमणकालीन संयन्त्रहरू पटक-पटक पदाधिकारीविहीन बन्नु र मुद्दाको सम्बोधन हुन नसक्नुले दण्डविहिनताको अवस्थालाई प्रश्रय पाउने अवस्था सिर्जना हुन पुगेको छ। सङ्क्रमणकालीन न्यायको मर्मलाई आत्मसात गरी सर्वोच्च अदालतको आदेश र आयोगको सिफारिसबमोजिम ऐन संशोधन गर्ने भनिए पनि कार्यान्वयन हुन सकेको छैन। एकातिर सङ्क्रमणकालीन सम्यन्त्रहरूबाट मुद्दाकोसम्बोधन हुन नसक्नु र अर्कोतिर आयोगका सिफारिसहरू कार्यान्वयन नगरिँदा पीडितहरू थप पीडा भोग्न बाध्य छन्। यो विषय सरकार र दलहरूको प्राथमिकतामा नपर्दा यसको असर प्रत्यक्ष/अप्रत्यक्षतः आयोगको कामकारबाहीमा पर्न गएको अवस्था छ।

छ. राज्यका निकायहरूबीच कामकारबाहीमा आपसी समन्वयको अभाव भई समन्वय र सहकार्य प्रभावकारी हुन नसक्दा अपेक्षित परिणाम हासिल हुन सकेको छैन। मानव अधिकार संरक्षण र संवर्धनसम्बन्धी मुद्दामा अहिले पनि कतिपय सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यको अभाव देखिन्छ। सरकारी-सरकारी, सरकारी र गैरसरकारी एवम् गैरसरकारी-गैरसरकारी संस्थाहरूबीच यो समस्या बढी मात्रामा देखिएको छ। यसबाट काम एउटै, काममा पुनरावृत्तिको प्रवृति अहिले पनि विद्यमान छ। परिणाम सही आएमा जस लिने र नतिजा ह्रासउन्मुख वा काम हुन नसकेको खण्डमा पन्छिने वा दोष अरूमाथि थुपार्ने मनोवृत्तिमा कमी वा अन्त्य हुने लक्षण देखिँदैन। जुन प्रयोजनका लागि दर्जनौं संस्थाहरू जुन क्षेत्रमा कार्यरत छन्, त्यहाँ पनि समस्या रहेका छन्।

ज. पुरातन सोच वा रुढीवादी मानसिकता र व्यवहारले गर्दा नेपाली समाजको ठुलो हिस्सा अहिले पनि रुढीग्रस्त मानसिकताबाट ग्रस्त छ। जतिसुकै अधिकार, न्याय, स्वतन्त्रता, समानतालगायतका विषय उठान भए पनि व्यवहारतः समाज जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजोजस्ता कुप्रथाबाट मुक्त हुन नसकेको अवस्था छ। यसको बढी मार दलित, महिला, बालबालिका र आर्थिक रूपमा विपन्न समुदायमाथि पर्न गएको देखिन्छ। जातको आधारमा ठुलो र सानो, पानी चल्ने र नचल्ने अवस्था छ। मानिसबीचमै छोइछिटोको कारण विभेद कायमै छ। बोक्सीको आरोपमा दिसापिसाब खुवाउने, कपाल मुडी घुमाउने, कुटपिट गर्ने र ज्यान लिनेसम्मका घृर्णित कार्यहरू अहिले पनि निर्मूल हुन सकेका छैनन्। दहेज नल्याएको वा कम ल्याएको भनी कुटपिट र जिउँदै जलाइने कार्य भइरहेका छन्। महिनावारी भएको अवस्थामा (छाउपडी प्रथा अर्थात् छुई भएको अवस्था) मा घरदेखि बाहिर गोठमा बस्नुपर्ने बाध्यताका कारण महिलाले ज्यान गुमाउनु परिरहेको छ। बलात्कारजस्ता जघन्य अपराधका घटनाहरूमा मिलापत्र, पञ्चायती बस्ने प्रवृति कायमै रहेको देखिँदा त्यस्ता स्थानहरूमा जनचेतनाको अवस्था कमजोर रहेको छ। फलतः यसको प्रत्यक्ष असर मानव अधिकारको संरक्षण र संवर्धनमा परेको छ।

झ. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई मौलिकहकभित्र समावेश गरिनु सुन्दर पक्ष रहेको भएतापनि ती हक अधिकारहरूको कार्यान्वयनगर्ने  कानुन, संरचना र स्रोतसाधनहरूको निर्माण तथा विकासमा ध्यान पुऱ्याउन नसक्दा ती अधिकारहरूको सुनिश्चितामा चुनौति रहेको छ ।

ञ. नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अपेक्षित रूपमा हुन सकेको अवस्था छैन । सरोकारवालाहरूले कार्ययोजनाको बारेमा जानकारी नलिने अवस्था अझै विद्यमान छ । कार्यान्वयनको जिम्मेवारी पाएका सरोकारवालाहरूमा कार्ययोजनाको बारेमा अनभिज्ञता रहेको आयोगको अनुगमनबाट देखिनु दुखद पक्ष रहेको छ । तीनै तहका सरकारहरूको उक्त कार्ययोजना कार्यान्वयनमा महत्त्वपूर्ण जिवम्मेवारी रहेको छ । तीनै तहका सरकारहरूको नेतृत्वमा, नागरिक समाज, स्थानीय गैरसरकारी सङ्घसंस्थाहरू समेत सम्मिलित विभिन्न समितिहरू रहेको संरचना निर्माण भएको यस कार्ययोजनाको कार्यान्वयन को लागि यसको प्रचारप्रसारमा सरकारले यथेष्ट ध्यान दिनु आवश्यक छ । जिम्मेवार निकाय र सहयोगी भूमिका तोकिएका निकायहरूबीच समन्वय र सहकार्य हुन नसक्नु र मानव अधिकारका विषयहरूलाई आफ्ना कार्ययोजनामा नसमेट्नु साथै समितिहरूबाट तोकिएबमोजिमको अनुगमन, समन्वय र सहकार्य गरी प्रतिवेदन हुन नसक्नु नै कार्ययोजना कार्यन्वयनको प्रमुख चुनौति रहेको छ ।

ट. आयोगका कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी ऐन सरकारको प्राथमिकतामा नपर्दा कर्मचारीहरूको वृति विकास र सेवा सुविधाको प्राप्तीमा निरन्तर नकारात्मक प्रभाव परिरहेको छ ।

## ४.३. चुनौति समाधानका सम्भावित उपाय र भावी कदमहरू

### ४.३.१.उपायहरू

उल्लिखित चुनौतीहरूलाई सम्बोधन गर्नका लागि सम्बद्ध पक्षहरूले निम्नानुसार कार्य गर्नुपर्ने देखिन्छः

**अ. नेपाल सरकार**

(क) संविधान, ऐन, नियमको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त वातावरण तयार गरी कार्यान्वयन गर्न,
(ख) संविधानतः सङ्घ, प्रदेश र स्थानीय सरकारसँग सम्बन्धित बाँकी कानुन निर्माणको लागि आवश्यक वातावरण निर्माण गर्न,
(ग) ऐन, नियम निर्माण वा संशोधन गर्दा मानव अधिकारभित्र निहित मूल्य-मान्यतालाई आत्मसात् गर्न,
(घ) कानुनी शासन र मानव अधिकारको सम्मान गर्दै दण्डहीनताको विरुद्धमा चालिएका कदम थप प्रभावकारी बनाउन,
(ङ) सङ्क्रमणकालीन संयन्त्र (बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्यनिरूपण तथा मेलमिलाप आयोग) लाई स्वतन्त्रतापूर्वक काम गर्न सक्ने वातावरण (ऐन संशोधन, आवश्यक स्रोतसाधन र दक्ष जनशक्ति उपलब्धता आदि) निर्माण गर्न,
(च) आयोगका सिफारिसहरूलाई बिनाविलम्बन प्रभावकारी रूपमा कार्यान्वयन गर्न,
(छ) आयोगलाई आवश्यक प्रयाप्त स्रोत र भवनलगायत भौतिक स्रोत साधन उपलब्ध गराउन,
(ज) आयोगको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद्मा पेस गरी छलफललाई निरन्तरता दिने वातावरण निर्माण गर्न ।
(झ) आयोगको स्वतन्त्रता र स्वायत्तता कायम रहने गरी पेरिस सिद्धान्तअनुकूल तथा समयसापेक्ष ऐनमा संशोधन, मानव अधिकार सेवा विधेयकलाई तत्काल संसद्बाट पारित गर्ने व्यवस्था मिलाउन,
(ञ) आयोगको साङ्गठनिक संरचनलाई शीघ्र स्वीकृती प्रदान गर्न,
(ट) सङ्घीय संरचनाअनुसार मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्न-गराउन
(ठ) मानव अधिकारसँग सम्बन्धित वा आयोगसँग सम्बन्धित मुद्दामा समन्वय र सहकार्यका साथ अगाडि बढ्न
(ड) आयोगले दोषी भनी सिफारिस गरेका र अदालतबाट दोषी ठहर भई कारबाहीको दायरामा आउन बाँकीलाई कानुनी दायरामा ल्याउन ।

**आ. व्यवस्थापिका-संसद्**

(क) पेरिस सिद्धान्तअनुसार आयोगको स्वतन्त्रता र स्वायत्ततालाई आत्मसात गर्दै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई समयसापेक्ष संशोधन गर्न,

(ख) तीन तहका सरकारबीच मानव अधिकारसँग सम्बन्धित साझा अधिकारको सम्बन्धमा कानुन निर्माण गर्न,

(ग) सङ्क्रमणकाली न्यायलाई सम्बोधन गर्न विद्यमान ऐनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार संशोधन गर्न र

घ. आयोगको कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी ऐन जारी गर्न ।

**इ. राजनीतिक दल**

(क) संविधानलाई कार्यान्वयको तहमा लैजान राजनीतिक दलका सदस्यहरूलाई समेत मानव अधिकारका विषयहरूमा सुसूचित गर्ने र आ–आफ्नो ठाउँबाट मानव अधिकार सचेतना अभिवृद्धि गरी मानव अधिकारका विषयहरूमा संवेदनशीलता अभिवृद्धि गर्न,

(ख) मानव अधिकारको सम्मान, संरक्षण, विकास निर्माणजस्ता कार्यमा सरकारलाई विशेष सहयोग गर्न,

(ग) सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न विद्यमान ऐनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार संशोधनको लागि वातावरण तयार गर्न र

(घ) मानव अधिकार र आयोगसँग सम्बन्धित विषयमा समन्वय र सहकार्यका साथ अगाडि बढ्न ।

**ई. अन्य**

सरोकारवाला (नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था, व्यावसायिक सङ्घसङ्गठन, सञ्चारकर्मी, नागरिक अभियन्ताहरूबाट मानव अधिकारको मुद्दाहरूमा आवश्यकताअनुसार सरकार र आयोगसँग सहकार्य र समन्वय, पहरेदारी र खबरदारी गर्न ।

**४.३.२. भावी कदमहरू**

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आयोगले मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र परिपालनाको सुनिश्चितताको लागि कार्य गर्दै आइरहेको छ । जसबाट समाजमा मानव अधिकार संस्कृति विकासका लागि मद्दत पुग्दै आएको छ । नेपालको संविधान, ऐन, नियमावली एवम् रणनीतिक योजनाको आधारमा आयोगले आफ्ना कामकारबाहीहरू सम्पादन गर्दै आइरहेको छ ।

मौलिक हकहरूको कार्यान्वयन, समयानकूल कानुनहरूको पुनारावलोकन गरी आवश्यक संशोधन वा परिमार्जन गर्न आवश्क छ । यसको साथै आयोगको संस्थागत सुधार गर्नुपर्ने पक्षहरू, अवसर र चुनौतीहरू लगायतका पक्षमा थप छलफल गरी अगाडि बढ्नुपर्ने अवस्था छ । आयोग र मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरू, आयोग र पीडित, आयोग र गैसस/नागरिक समाज, पेसागत सङ्घसङ्गठन, आयोग र सरकार, आयोग र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरू, दातृ निकाय आदिसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको छ । यसको लागि सरोकारवालाहरूसँग निरन्तर संवाद, छलफल, बैठक र अन्तरक्रियाहरूमार्फत परामर्श गरी आयोगको रणनीतिक योजनालाई प्रभावकारी कार्यान्वयन तहमा लैजानुपर्ने देखिन्छ ।

हाल मुलुक तीन तहको (सङ्घ, प्रदेश र स्थानीय) सङ्घीय संरचनाभित्र रही सरकार निर्माणदेखि निर्दिष्ट कामकारबाही अगाडि बढिरहेको अवस्था छ । मानव अधिकार अनुभूतिजन्य विषय हुनाले विशेषतः आयोगको क्रियाशीलता र सरकारको प्रतिबद्धता र कार्यान्वयनमा निर्भर हुन्छ । यसका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग सहकार्य र समन्वयसाथ अगाडि बढ्नुपर्ने देखिन्छ । संसद्, सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, गैसस एवम् सरोकारवालाहरू सँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी एवम् उपलब्धिमूलक बनाउनुपर्ने देखिन्छ । यसको साथै मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय

सङ्घसंस्था/दातृ निकाय आदिसँगको सम्बन्धलाई पनि परिवर्तित सन्दर्भअनुसार समयानुकूल र अझ मजबुत तुल्याउने तर्फ अग्रसर हुनुपर्ने स्थिति छ ।

माथि उल्लिखित पक्षलाई हेर्दा आयोगका अगाडि अवसरका साथै चुनौतीहरू पनि छन् । यसका लागि आयोगले निम्नानुसार आवश्यक कदम चाल्नुपर्ने देखिन्छः

(क) मानव अधिकार ऐन एवम् अन्य मानव अधिकारसँग सम्बन्धित ऐनमा समयसापेक्ष सुधारका लागि साथै आयोगका कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी ऐन ल्याउन पनि थप पहल गर्न ।

(ख) आयोगको साङ्गठनिक संरचनालाई निष्कर्षमा पुऱ्याउन ।

(ग) सङ्घ, प्रदेश र स्थानीय तहमा मानव अधिकारमैत्री कानुन निर्माणमा विशेषज्ञ सेवा उपलब्ध गराउन ।

(घ) आयोगका सिफारीसहरूको प्रभावकारी कार्यान्वयन संयन्त्र निर्माण गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउन ।

(ङ) नेपाल पक्ष भएका विभिन्न महासन्धि, मानव अधिकारसम्बन्धी कार्ययोजनामा उल्लेख भएअनुरूप राज्यलाई आफ्नो दायित्व निर्वाह गर्ने वातावरण निर्माणका लागि सहयोग पुऱ्याउन ।

(ङ) मानव अधिकारका चुनौती विषयमा प्राथमिकता भनी निर्धारण गरिएका मुद्दालाई सम्बोधन गर्न योजनागत कार्य अगाडि बढाउन ।

(च) द्वन्द्वकालीन मुद्दालाई सम्बोधन गर्न सङ्क्रमणकालीन संयन्त्र अपेक्षित रूपमा क्रियाशील हुन नसकेको अवस्थामा भावी दिनमा आयोगले अवलम्बन गर्नुपर्ने रणनीति तयार गरी अगाडि बढ्न ।

(छ) राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय रूपमा सरकारवाला निकायसँगको सम्बन्धलाई बदलिँदो परिस्थितिअनुसार विकास गर्न ।

संविधान, ऐन र रणनीतिक योजनामा समावेश प्रावधानलाई कार्यान्वयनको वातावरण निर्माण गर्नु आयोगको दायित्व हो । आयोगले आगामी दिनमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरू एवम् पछाडि पारिएका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, सीमान्तकृत वर्ग, समुदायको अधिकार, लैङ्गिक हिंसापीडितहरूको हक अधिकारको सुनिश्चितताको लागि थप कदम चाल्न आवश्यक छ । यसका अलावा मानव अधिकारका नविनतम आयामहरू व्यापार र मानव अधिकार आयोगका सिफारिसलाई कार्यान्वयन गर्ने वातावरण तय गर्नेतर्फ पनि उत्तिकै ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । आयोगको पहुँच विस्तार तथा संस्थागत सुदृढीकरण, सूचना प्रविधिको उच्चतम प्रयोग पनि प्राथमिकताका मुद्दा हुन् भन्ने यथार्थतालाई मध्यनजर राखी अगाडि बढ्नुपर्ने अवस्था छ ।

नोटः यो सङ्क्षिप्त प्रतिवेदन राष्ट्रिय मानव अधिकार आयोगको आ.व. २०७८–२०७९ को वार्षिक प्रतिवेदनमा आधारित छ । यसको पूर्ण पाठ आयोगको वेबसाइट *https://www.nhrcnepal.org/uploads/publication/annual_report_final_2079-8-20_compressed.pdf* मा हेर्न सकिनेछ ।

**(समाप्त)**